# दोर्दी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### स्वास्थ्य शाखा

नौथर, लमजुङ

गण्डकी प्रदेश, नेपाल

२०७३

पत्र संख्या :-२०७६/०७७
चलानी नं.:- ४८५

मिति २०७६/११/२७

## जनहितमा जारी सूचना

चीनको बुहान प्रान्तबाट फैलेको नोभल कोरोना भाईरस (कोभिड १९) हाल विश्वका धेरै देशहरुमा द्रुत गतिमा फैलिरहेको छ। नेपाल सरकार,स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले समेत विभिन्न सभा, सम्मेलन, मेला, महोत्सव जस्ता अत्याधिक मानिसहरुको जमघट हुने कार्यक्रमहर आयोजना नगर्न सुचना जारी गरेको अबस्था छ। विश्व स्वास्थ्य संगठनको प्रतिवेदनले पनि नेपाल कोरोना भाइरसको उच्च जोखिमयुक्त क्षेत्र रहेको बताई सकेको छ। यसको जोखिमबाट बच्न नेपाल सरकारले विभिन्न कदमहरु चलेको छ। त्यस्तै गरी जिल्ला प्रशासन कार्यलयबाट पनि यस बारेमा पत्राचार गरिएको छ। यसै अनुरुप यस गाउँपालिकामा पनि यस रोगको संक्रमणबाट सुरक्षित रहन एवं बच्न निम्न उपायहरु अबलम्बन गर्न दोर्दी गाउँपालिका सर्वसाधरणको हितका लागि सबैमा अनुरोध गर्दछ।

- धेरै मानिसहरु जम्मा भई गरिने सभा, समारोह, भेला, गोष्ठी, मेला, महोत्सव लगायतका कार्यक्रमहरु हाललाई नगर्नु/नगराउनुहुन।
- होलीपर्व मनाउने क्रममा पानीमा भिज्ने, अविर लगाउने तथा लेला हान्ने जस्ताकार्यहरु नगर्नु/नगराउनुहुन।
- शैक्षिक संस्थाहरुमा धेरै मासि जम्मा भई गरिने सभा, समारोह, बार्षिकोत्सब लगायतका कार्यक्रमहरु हाललाई नगर्नु/नगराउनुहुन।
- साथै कोरोना भाइरसबाट बच्न नियमितरुपमा साबुन पानीले हात धुने अनाबश्यक भीडमा नजाने, खोक्दा वा हाछ्यु गर्दा नाक मुख छोप्ने एवं व्यक्तिगत सरसफाइमा ध्यान दिने।
- नेपाल सरकार,स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सम्बद्ध निकायबाट जारी भएका र हुने स्वास्थ्य सँग सम्बन्धित सूचना तथा निर्देशनहरु पलना गर्नुहुन।
- जंगली तथा घरेलु पशुपन्छीहरुसँग असुरक्षीत सम्पर्कबाट टाढा रहनुहुन।
- पशुजन्य मासु/अण्डा राम्रोसँग पाकेकोमात्र खानुहुन।
- यदि रुघाखोकी देखा परेमा चिकित्सकसँग परामर्श लिने साथै यस्ता लक्षण देखाउने जो कोहिको सम्पर्कबाट टाढा रहनुहुन।

बोधार्थ :

१.सबै वडा कार्यालय, दोर्दी गाउँपालिका।
२.सबै स्वास्थ्य चौकी, दोर्दी गाउँपालिका।

............................................

शम्सेर गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

Email : info@dordimun.gov.np/dordigaupalika073@gmail.com , Web site : www.dordimun.gov.np